# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ३ संख्या ५ मिति २०७६ माघ ३ गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### सल्ले, काभ्रेपलाञ्चोकको

### सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७६

**प्रस्तावना :** यस भुम्लु गाउँपालिकामा रहेको गरिब विपन्न, असहायहरु विभिन्न रोगबाट पिडित तथा ग्रसित दीर्धरोगी, दुर्घटनामा परेको शल्यक्रिया गर्नु पर्ने अवस्थामा रहेको व्यक्तीहरु, वन्यजन्तुबाट पिडित व्यक्तीहरु र सामाजिक क्षेत्रमा क्रियाशील संघ, संगठनहरु संगठनहरु संगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यव्थापन गर्न भुम्लु गाउँपालिकाले नेपालको संविधानको धारा २२६(१) ले दिएको अधिकार प्रयोग गरी **भुम्लु गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७६** बनाई गाँउपालिकाको बैठकबाट पारित गरि जारी गरिएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भ**</u>: (१) यो निर्देशिकाको नामः भुम्लु गाँउपालिका आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७६ रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

२. **परिभाषा:** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) ऐन भन्नाले स्थानीय सरकार ऐन २०७४ लाई सम्झनुपर्दछ ।

(ख) गाँउपालिका भन्नाले भुम्लु गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ग) कार्यपालिका भन्नाले भुम्लु गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

(घ) कार्यालय भन्नाले गाउँपालिकामा रहेको कार्यालयलाई सम्झनुपर्दछ ।

(ङ) आर्थिक सहायता भन्नाले भुम्लु गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग लाई सम्झनु पर्दछ ।

## परिच्छेद -२
## आर्थिक सहायता सम्बन्धि मापदण्ड

**३. भुम्लु गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछः**

(१) **दुर्घटनाः** गाँउवासी कुनै ठुलो दुर्घटनामा परि अंगभंग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नताका कारण पारिवारीक आर्थिक स्रोत नभएको अवस्थामा निजलाई अवस्था हेरी एक पटकमा १ हजार देखी ५ हजार सम्म उपलब्ध गराउन सकिन्छ ।

**(२)** **दीर्घरोगीः** गाउँवासीहरु मध्ये दीर्घरोग (किड्नी फेल तथा डाईलोसिस गर्ने अवस्था ,मुटुको रोगी अन्तिम अवस्थाको क्यान्सर आदी ) लागेको अवस्था भएको तर गरिबी र विपन्नताको कारण पारिवारीक आर्थिक स्रोत नभएकोले उपचार गराउन नसकी समस्यामा परेको व्यक्तीलाई अवस्था हेरी एक पटकमा २ हजार देखी ५ हजार सम्म उपलब्ध गराउने ।

**(३)** **असहायः** यस गाउँपालिकामा बसोबास गर्ने कुनै व्यक्तीको एकघरको परिवार ,सहोदर लाग्ने व्यक्ती र कुनै पनि प्रकारका आफन्तजन नभई बेवारिशे अवस्थामा रहेको र अन्यको आश्रय

लिनु परेको, आर्थिक उपार्जन तथा काम गरि खान नसक्ने अवस्था भएको गाउँवासीले सहयोग माग गरेमा त्यस्ता असहायको अवस्था हेरी एक पटकमा रु ५ सय देखी २ हजार सम्म सहायता दिन सकिने छ ।

(४) बन्यजन्तुले, घर, गोठ, घरपालुवा जनावर र बालीनालीमा क्षती पुर्याएमा स्थानीय सर्जमिन एवं वडा कार्यालयको सिफारिसका आधारमा बढीमा रु ३०,०००/ - (तीस हजार रुपैया ) सम्म गाउँकार्यपालिकाको निर्णय बमोजिम प्रदान गर्न सकिनेछ ।

(५) यस कार्यविधको दफा ३ (१),(२)र (३) बमोजीमाको सहायता भुम्लु गाँउपालिकाको हकमा पालिका अध्यक्ष र वडा कार्यालयको हकमा वडा अध्यक्षको सिफारिसमा गाउँपालिका बाट उपलब्ध गराईने छ ।

(६) कार्यविधको दफा ३ (४) बमोजिम उपलब्ध हुने आर्थिक सहायताको सिफारिस गर्दा सम्बन्धित वडा अध्यक्षले पिडित व्यक्तीले अन्यत्र कुनै सरकारी निकायबाट सहायता नलिएको वा सहायता प्राप्त गर्ने सम्भावना नरहेको अवस्थामा मात्र सिफारिस गर्नुपर्नेछ ।

(७) कार्यविधको दफा ३ (४) बमोजिम वन्यजन्तु पिडित व्यक्तीले अन्य सरकारी निकायबाट आर्थिक सहायता लिएको पाईएमा सिफारिस कर्ताबाट सिफारिस बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

(८) **संघ संगठन :** यस गाउँपालिकामा स्थापना भएका ,दर्ता भएका ,सुचिकृत भएका र गाउँपालिकाको क्षेत्रको हित अनुकुल हुने गरि संजाल र महासंघ प्रकृतिका संघ ,संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा गाउँपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरी सहकार्य गरिनेछ । उक्त कार्यक्रम जिल्ला तथा पालिकाको पर्यटन प्रवर्दन ,पालिकाको विकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनु पर्नेछ । तर क्लब तथा संघ संस्थाहरुको वार्षिक साधारण सभा , वार्षिक नियमित कार्यमा सहयोय प्रदान हुने छैन ।संघ संगठनको हकमा हुने आर्थिक सहायता देहायबमोजिम हुने छ ।

**८.१ वडा, गाउँपालिका र जिल्ला स्तर कार्यक्रम :**

(क) पालिका स्तरका संघ/ संस्थाले आयोजना गरेको कार्यक्रममा एक पटक रु १० हजार देखी १५ हजार सम्म वडाको सिफारिसमा उपलब्ध गराउने ।

(ख) जिल्ला स्तरका संघ/ संगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा रु १० हजार देखि १५ हजार सम्म पालिका सामाजिक शाखाको सिफारिसमा उपलब्ध गराउने ।

## ८.२ प्रदेश र केन्द्रस्तरको कार्यक्रम :

(क) संघ र प्रदेश स्तरका संघ/संगठनले आयोजना गरेकोमा कार्यक्रममा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा रु २० हजार देखी २५ हजार सम्म ।

**स्पष्टिकरण:** माथी जुन सुकै कुरा लेखिएता पनि गाउँ कार्यपालिकाले आवश्यकता र औचित्यका आधारमा निर्णय गरीआर्थिक सहायता उपलव्ध गराईने छ ।

## परिच्छेद -३
## आर्थिक सहायता भुक्तानी प्रक्रिया

९. **भुक्तानी प्रक्रिया**: गाउँपालिका अध्यक्षको तोक आदेशमा आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम हुनेछ ।

(१) मानवीय सहायता : दफा ३ को उपदफा (१),(२) र (३) बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम हुनेछ ।

(क) निवेदन ,नागिरकता ,आवश्यकता अनुसार वडा कार्यालयको सिफारिस ।

(ख) उपचारको हकमा सम्बन्धीत स्वास्थ्य चौकी/अस्पतालको सिफारिस पत्र वा सम्बन्धित चिकित्सकको आधिकारिक पत्र भएको हुनुपर्नेछ ।

(२) संघ/संगठनको हकमा आधिकारिक पत्र भएको हुनुपर्नेछ ।

(३) सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्नेछ तर संघ/संगठनको हकमा AC/Payee मार्फत भुक्तानी हुनेछ ।

(४) गाउँ सभाले विनियोजन गरेको बजेटको परिधि भित्र रही एक ब्यक्ती ,संघ संगठनलाई एक वर्षमा १ पटक भन्दा बढी आर्थिक सहयोग गरिने छैन ।

**आज्ञाले,**
**मदन कुमार बजगाई**
**प्रमुख प्रशासकीय अधिकृत**